**Gopal Kumar Shrestha**
Chartered Accountant

Dev Nagar,
Saithu Ganesh Tole
Lalitpur SMC - 9 Nepal
Phone : 5-537850
gkshrestha@wlingk.com.np

# कुबेर मर्चेन्ट फाइनान्स लिमिटेड
## पुतलीसडक, काठमाण्डौका
## शेयरधनि महानुभावहरू समक्ष
## लेखा परीक्षकको प्रतिवेदन

कुबेर मर्चेन्ट फाईनान्स लिमिटेडको यसै साथ संलग्न २०६७ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक बर्ष २०६६।६७ को आय विवरण र नगद प्रवाह विवरणको लेखा परीक्षण सम्पन्न गरेको छौ । वित्तीय विवरणहरू प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरू उपर लेखा परीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

लेखा परीक्षणको सर्वमान्य सिद्धान्तको आधारमा हामीले नेपाल लेखापरीक्षण मान र प्रचलित अन्य लेखापरीक्षण मान अनुरूप लेखापरीक्षण सम्पन्न गरेका छौ । वित्तीय विवरणहरू सारभूत रूपमा गलत आंकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि लेखा परीक्षण योजना तयार गरी तदनुसार लेखा परीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखा परीक्षणमा समाबेश हुन्छ । कम्पनीले अबलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय विवरणको प्रस्तुतिको समग्र स्थितिका मुल्याङ्कन पनि लेखा परीक्षणमा समाबेश हुन्छ । लेखा परीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

**हाम्रो रायमा**

१. माग गर्दा कम्पनीले उपलब्ध गराएको हरहिसाबको विवरण सन्तोषजनक छ ।

२. कम्पनीको हिसाब किताब प्रचलित कानून तथा प्रचलन अनुसार राखेको देखिन्छ ।

३. संलग्न वासलात, नाफा नोक्सान हिसाब कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ तथा नेपाल राष्ट्र बैंकको निर्देशानुसार छन् र कम्पनीले राखेको हिसाब किताब र अभिलेख संग दुरूस्त रहेका छन् ।

४. हामीलाई प्राप्त सूचना तथा उपलब्ध गराईएको जानकारीहरूको आधारमा एवं यसै साथ संलग्न लेखा सिद्धान्त तथा लेखा टिप्पणीहरू साथै अध्ययन गर्दा ।

क) वासलातले २०६७/०३/३२ गतेको आर्थिक स्थिति

ख) नाफा नोक्सान हिसाबले २०६७/०३/३२ मा समाप्त आर्थिक बर्षको कारोवारको नतीजाको र

ग) नगद प्रवाह हिसाबले २०६७/०३/३२ मा समाप्त आर्थिक वर्षको नगद प्रवाहको यथार्थ तथा उचित चित्रण गर्दछ ।

५. नेपाल राष्ट्र बैंकको निर्देशानुसार कम्पनीले प्रवाह गरेको कर्जा तथा सापटमा जोखिम व्यहोर्ने कोषमा आवश्यक रकमको व्यवस्था गरेको छ ।

६. कम्पनीले आफ्नो अख्तियारी भित्र रहि नेपाल राष्ट्र बैंकको निर्देशानुसार कारोबार गरेको देखिन्छ ।

७. हामीले परीक्षण गरेको हिसाब किताब तथा प्राप्त जानकारीहरूबाट

क) कम्पनीले आफ्नो कारोवार कम्पनीको तथा निक्षेपककर्ताहरूको हितलाई ध्यानमा राखेर गरेको छ ।

ख) कम्पनीका कुनै संचालक तथा कर्मचारीहरूले कानून बिपरीत वा कम्पनीलाई हानी नोक्सानी हुने कार्य गरेको देखिन आएको छैन ।

ग) कम्पनीको कारोवारहरू सन्तोषप्रद रूपमा संचालन भएको छ ।

मिति २०६७/७/३०

सि. ए गोपाल कुमार श्रेष्ठ
चाटर्ड एकाउण्टेण्ट
ICAN M. No. 079